त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र संकाय
## परीक्षा नियन्त्रण महाशाखा
बल्खु, काठमाडौं, नेपाल

मिति: २०८०।२।२१

## M.Ed. and MSSEd प्रथम र तेस्रो सत्रान्तको परीक्षा फाराम भर्ने/भराउने सम्बन्धी सूचना

२०८० साल श्रावण/भाद्र महिनामा सञ्चालन हुने शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह M.Ed. and MSSEd प्रथम र तेस्रो सेमेस्टर (खुल्ला तथा दूर सिकाइ समेत) को **नियमित तथा आंशिक** परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरूले आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी परीक्षा आवेदन फाराम अनलाइन (Online) मार्फत फाराम यही **२०८० साल असार २० गते सम्म** भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । तोकिएको समयभित्र आवेदन फाराम भर्न छूट हुने विद्यार्थीहरुले दोब्बर शुल्क तिरी **यही २०८० साल असार २१ गतेदेखि असार २७ गते सम्ममा** आवेदन फाराम भर्न सकिनेछ । सबै क्याम्पसहरुले आवेदन फारामवापत संकलित शुल्क एकल शुल्कको हकमा **२०८० साल असार २१** गतेसम्म तथा दोब्बर शुल्कको हकमा **२०८० साल असार २८ गतेसम्ममा** यस संकायको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड् गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा फाराममा आन्तरिक मूल्यांकन अंक प्रविष्टि गरी २०८० साल असार २८ गतेसम्ममा रुजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ । साथै परीक्षा फाराम भर्ने विषयगत कुल विद्यार्थी संख्या उल्लेख गरी क्याम्पसको पत्र र भौचरको स्क्यान कपी समेत परीक्षा महाशाखामा इमेल (tufoedu@gmail.com) गर्नुपर्ने छ ।

**पुनश्च:**

- विद्यार्थीहरुले यस संकायको वेभसाइट: tufoe.edu.np मा गई नियमित तथा आंशिक विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फाराम भर्न सक्नेछन् ।
- परीक्षा आवेदन फारामवापत नियमित तथा आंशिक परीक्षाका लागि फाराम शुल्क प्रति विद्यार्थी रु. १५००।- (एक हजार पाँचसय रुपैयाँ) तथा ODL/ICTE/MSSEd को हकमा प्रति विद्यार्थी रु.२५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फाराममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फाराममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण परीक्षा सुरु हुनु अगावै डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड् गर्नुपर्नेछ । यदि आवेदक विद्यार्थीले अप्लोड गरेको फोटो अस्पष्ट भएमा आवेदन फाराम अस्वीकृत हुनेछ ।
- अनलाइन परीक्षा फाराममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फाराममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फाराम रद्द हुनेछ ।

सहायक डीन